**Tribhuvan University Journal**
**Vol. 35, No. 1: 209-220, June, 2020**
**Research Directorate, Tribhuvan University,**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v35i1.35882

# शेर्पा भाषाका स्वर र व्यञ्जन वर्णको विश्लेषण

***दावा शेर्पा***

*उपप्राध्यापक, नेपाली शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, काठमाडौं, त्रिवि*

*इमेल :* sherpadawa2023@gmail.com

## लेखसार

शेर्पा जातिले बोल्ने भाषालाई शेर्पा कुरा (शेर्वी ताम) भनिन्छ । यो भाषा भोट-बर्मेली परिवारको भाषा हो । कथ्य रूपमा मात्र बोलिने शेर्पा भाषाको लिपि सम्भोटा हो । यस लिपिको आविष्कार सन् ६५० A.D. तिर थोन्मि सम्भोटाले गरेका हुन् । यस लिपिको प्राचीन हस्त लिखित ग्रन्थ 'कङ्ग्युर' हो । । शेर्पा भाषामा अ, आ, इ, उ, ए, ओ गरी ६ वटा स्वर र ३१ वटा व्यञ्जन वर्णहरू रहेका छन् । यसमा घ, ञ, ढ, ध र भ वर्णहरू पाइँदैन । तसर्थः यी वर्णहरूका सट्टाम समीपको वर्ण उच्चारण गरी नेपालीमा त्रुटि गरेको पाइन्छ । नेपालमा मातृभाषा प्रयोगका दृष्टिले यो पन्ध्रौँ स्थानमा पर्दछ । शेर्पा भाषाका स्वर र व्यञ्जन वर्णका पहिचान लघुतम युग्म तथा व्यतिरेकी वितरण सिद्धान्तका आधारमा गरिएको छ । स्वर वर्णको व्याख्या विश्लेषण र वर्गीकरण मानस्वरका आधारमा जिब्रोको उचाइका आधारमा उच्च, मध्य र निम्न, जिब्रोको सक्रियताको आधारमा अग्र, मध्य, पश्च र ओठको स्थितिको आधारमा गोलित र अगोलित देखाइएको छ भने व्यञ्जन वर्णको व्याख्या विश्लेषण व्यतिरेकी आधारमा मात्र गरिएको छ ।

**शब्दकुञ्जी** : पाठसङ्ग्रह - वितरण - मानस्वर - सम्भोटा, कङ्ग्युर - याङ - मिङ्सी - तान ।

## विषयपरिचय

शेर्पा भाषा भोट-बर्मेली परिवारको तिब्बती परिवारमा पर्दछ । तिब्बती परिवारमा शेर्पा लगायत २५ वटा भाषाका २०० सयभन्दा बढी भाषिकाहरू बोलिन्छन् । यी सबै भाषिकाका उद्भव र विकास प्राचीन तिब्बतीबाटै भएको हो । शेर्पा भाषामा प्रयोग हुने सम्भोटा लिपिको विकास तिब्बतका सम्म्राट् (स्रोङचोङ गम्पो) सातौँदेखि नवौँ शताब्दीमा भएको हो (टोनार्डे र अन्य सन् २००९ : २१) । यस परिवारका भाषा चीन, नेपाल, भारत, भुटान र पाकिस्तानमा बोलिन्छ । यी भाषिकाहरूमा यु-चाङ, खाम-होर, अम्दो, थेवो-चोन, लद्दाखी, बाल्टी, पुर्की, स्पिटी, जोङ्खा, द्रेन्ज्योङ, क्यिरोङ-कागते, जिरेल र शेर्पा पर्दछन् (शेर्पा,

२०१० : २९) । शेर्पाभाषा नेपाल बाहिर सिक्किम, दार्जिलङ्ग, भुटान र लद्दाख आदिमा बोलिन्छ ।

शेर्पाभाषा नेपालको उत्तर-पूर्वी हिमाली क्षेत्रका शेर्पा जातिले बोल्ने भाषा हो । शेर्पाभाषी समुदायको मुख्य बसोबास क्षेत्र सगरमाथा अञ्चलको सोलुखुम्बू जिल्ला भए तापनि हाल नेपालका हिमाली जिल्ला तथा पूर्वी पहाड र उपत्यकाका (काठमाडौं, ललितपुर, भक्तपुर) लगायत देशका विभिन्न भाग र विदेशमा समेत बोलिन्छ । शेर्पाको अर्थ तिब्बती भाषामा 'श्यार' भनेको 'पूर्व' र पा/वा को अर्थ पूर्वको 'मानिस' हुन्छ (शेर्पा २०७६ : २) । शेर्पा भाषालाई (शेर्वी ताम) भनिन्छ । व्याकरणात्मक कोटिका दृष्टिले यस भाषामा लिङ्ग, वचन, पुरुष, काल, वाच्य र वाक्यमा सङ्गति पाइँदैन (हकेट सन्  : २३०-२३३) । यो भोट-बर्मेली परिवारका भाषिक विशेषता हो । शेर्पा भाषा तान रजिष्टरका आधारमा व्यतिरेकी हुने भाषा हो (वाटर्स् सन् १९९९ : ५४) । यस भाषाको लिपिको विकास सन् ६५० A.D. तिर थोन्मि सम्भोटाले गरेका हुन् । उनैका नामका आधारमा यस लिपिलाई सम्भोटा भनिन्छ । शेर्पा भाषा यही लिपिमा लेखिन्छ । यस लिपिको प्राचीन हस्त लिखित धार्मिक ग्रन्थ 'कङ्ग्युर' सन् ६५० A.D तिरको मानिन्छ । गुम्बा शिक्षामा भिक्षु र भिक्षुणीलाई धार्मिक शिक्षा दिन यस लिपिको प्रयोग हुन्छ । यही लिपिको आधारमा शेर्पा भाषाका स्वर र व्यञ्जन वर्णको अध्ययन गरिएको छ । नेपालका राष्ट्रभाषा तथा मातृभाषा प्रयोगका दृष्टिले १२३ भाषामध्ये पन्ध्रौं स्थानमा पर्ने शेर्पा भाषामा प्रयोग हुने स्वर र व्यञ्जन वर्णहरूको शोधमा केन्द्रित गर्नु नै यसको विषय हो ।

## समस्याकथन

प्रस्तुत अनुसन्धानात्मक लेखमा नेपालका राष्ट्रभाषा तथा मातृभाषा प्रयोगका दृष्टिले शेर्पा भाषा पन्ध्रौं स्थानमा रहेको पाइएको छ । शेर्पा मातृभाषीद्वारा कथ्य रूपमा बोलिने यस भाषामा प्रयोग हुने सम्भोटा लिपिका स्वर र व्यञ्जन वर्णहरूका पहिचान सम्बद्ध शेर्पा भाषाको स्वर र व्यञ्जन वर्णहरूसम्बन्धी समस्या वा प्रश्नहरू प्रस्तुत अध्ययनको मुख्य समस्याका रूपमा रहेको छ ।

## उद्देश्य

प्रस्तुत शेर्पा भाषाका स्वर र व्यञ्जन वर्णहरूका शोध अध्ययनमा उठेका शोध समस्यासँग सम्बन्धित शेर्पा भाषामा प्रयोग हुने सम्भोटा लिपिका स्वर र व्यञ्जन वर्णहरूका पहिचान गरी सो सम्बद्ध शेर्पा भाषाको स्वर र व्यञ्जन वर्णहरूको निरूपण गर्नु शोधको प्राज्ञिक उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धान गुणात्मक विधिमा आधारित छ। शेर्पा भाषाका स्वर र व्यञ्जन वर्णको शोध क्षेत्रीय अध्ययन तथा सर्वेक्षण विधिमा आधारित छ भने तथ्याङ्कको व्याख्या तथा विश्लेषण वर्णनात्मक रूपमा गरिएको छ । संरचनावादीका अनुसार बोलचालको भाषाबाट लिइने कथ्य रूपलाई भाषाको प्राथमिक स्रोत र लेख्य रूपलाई द्वितीय स्रोत भनिन्छ (बन्धु २०६६ : ६४) । प्राथमिक स्रोतका तथ्याङ्क उद्देश्यमूलक रूपमा नमुना छनोट गरी चारजना शेर्पा मातृभाषी सूचकहरूबाट लिएको छ । यसमा सूचकसँग प्रत्यक्ष सम्पर्क गरी तेह्रथुम, सोलुखुम्बू र काठमाडौँ स्थितः बौद्धनाथ क्षेत्रका शेर्पा मातृभाषी वक्तासँग मौखिक छलफल तथा अन्तर्वार्ता गरी लघु लोककथा र नियात्रा विवरण एम.पी[३] ध्वनि रेकर्डिङ यन्त्रमा रेकर्ड गरी शेर्पा भाषिक तथ्याङ्क लिइएको छ (क्रेसवेल्स २०१५ : २०६) । यसमा 'काग र स्यालको कथा', 'मामा घर गएको सम्झना', 'बनझाँक्रीको कथा', 'राक्षस र हलेसी महादेवको कथाका' भाषिक तथ्याङ्कलाई कम्प्युटर (अडासिटी सफ्टवेयर) मा राखी निर्माण गरिएको पाठसङ्ग्रहबाट लघुतम युग्म शब्दहरू खोजी शेर्पा भाषाका स्वर र व्यञ्जन वर्णको पहिचान गरी ख्याख्या तथा विश्लेषणमा द्वितीय स्रोतको उपयोग गरिएको छ ।

## शेर्पा भाषाको वर्णविश्लेषण सिद्धान्त

कुनै भाषाका वर्ण पहिचान गर्ने र उक्त भाषामा कतिवर्ण छन् र ती कसरी उक्त भाषामा प्रयोगमा आउँछन् भनेर हेर्ने कामलाई वर्णविश्लेषण भनिन्छ (यादव र रेग्मी २०५८ : ११२) । कुनै भाषामा के कस्ता र कति वर्णहरू छन् भनी निर्धारण गर्ने प्रक्रियालाई वर्णविश्लेषण सिद्धान्त भनिन्छ (शर्मा र लुइटेल २०६० : ८५) । वर्ण विश्लेषणका लागि त्रुबेत्कोई, रोमन याकोब्सन, चम्स्की र ह्याले आदि विभिन्न भाषिक सम्प्रदायका चिन्तकहरूले भिन्नभिन्न आधारहरू प्रस्तुत गरेका छन् । मुख्यतः संरचनावादी प्रक्रियाबाट वर्ण विश्लेषण गर्न (क) अर्थभेदकता/व्यतिरेकी वितरण (ख) वितरणको सिद्धान्त (ग) ध्वन्यात्मक अनुरूपको सिद्धान्तका आधारमा शेर्पा भाषाको स्वर र व्यञ्जन वर्णको पहिचान गरी विश्लेषण गरिएको छ ।

### वर्णको परिचय

शेर्पा भाषाका उच्चारणमा सबभन्दा तल्लो विभेदक (अर्थगत भिन्नता ल्याउन सक्ने) ध्वनि नै वर्ण हो । कुनै पनि वर्ण अर्थविभेदक हो कि होइन भन्ने ठम्याउन कम्तीमा एउटा मात्र भिन्नवर्ण भएका न्यूनतम शब्द जोडीहरू खोजिन्छ (अधिकारी २०६८ : १) । व्यतिरेकी वितरणको सिद्धान्त अनुसार शेर्पा भाषाका लघुतम युग्म (मिनिमल पेयर) शब्दहरू लिएर व्यञ्जन वर्णको निर्धारण गरिएको छ (युले सन्  : ४६) । लघुतम युग्मका अर्थभेदक एकाइ नै शेर्पा भाषाका स्वर र व्यञ्जन वर्ण हुन् । भाषाविज्ञानका क्षेत्रमा सूक्ष्म र स्थूल आलेखन प्रचलित छन् । सूक्ष्म आलेखनलाई ध्वनितात्त्विक र स्थूल आलेखनलाई वार्णिक

आलेखन भनिन्छ (बन्धु २०७३ : ४४-४५) । शेर्पा भाषाका ध्वनितात्त्विक आलेखनलाई कोष्ठभित्र [ ] र वार्णिक आलेखनलाई // भित्र राखिएको छ, ।

**स्वरवर्ण (Vowel Phonemes)**

फोक्सोबाट बाहिर निस्केको सासमा कतै बाधा नपरी अथवा कुनै उच्चारण स्थानमा नठोकिई उच्चारण हुने वर्ण स्वर हो (अधिकारी, २०६८ : १) । स्वर अक्षरको केन्द्रविन्दु भएर रहने हुँदा यसलाई आक्षरिक वर्ण भनिन्छ। शेर्पा भाषामा अर्थविभेदक स्वर वर्णहरू /इ/, /उ/, /ए/  र /ओ/ चार वटा छन् (शेर्पा २०५८ : २८) । यसमा /अ/ स्वर वर्ण व्यञ्जनसँग अनिवार्य आउने हुँदा पाँच स्वर र अ +अ सन्धि भई =आ हुने हुँदा ६ वटा स्वर पाइन्छ। गोर्डन (सन् १९६९) ले शेर्पा फोनेटिक्स समरी अफ सोलु डाइलेक्टमा /अ/,/आ/, /इ/, /उ/, /ए/ र /ओ/ छवटा स्वर देखाएका छन् ।

**व्यतिरेकी स्वरवर्ण**

वर्णसिद्धान्त व्यतिरेकी विश्लेषणमा आधारित हुन्छ। व्यतिरेकी वर्णहरूको निर्धारण गर्दा त्यस भाषाका व्यतिरेकी शब्द लिनुपर्दछ। उच्चारण र अर्थमा भिन्नता भएका बेग्लाबेग्लै तर जोडा शब्द नै व्यतिरेकी हुन् (बन्धु २०७३ : ४४) । व्यतिरेकी स्वर वर्णहरू निर्धारणका लागि लघुतम अर्थयुक्त शब्द जोडीहरू खोज गरिन्छ (पेटर सन्  : ३८) । शेर्पा भाषामा लघुतम युग्मशब्दका आधारमा ६ वटा स्वर वर्णहरू अर्थविभेदक रहेका छन् । समान परिवेशमा अर्थभेदक भई आउने शेर्पा भाषाका स्वर वर्णको वर्णन र वर्गीकरण जिब्रोको स्थिति र ओठको आकारका आधारमा प्रस्तुत गरिएको छ, जस्तै :

**शेर्पा भाषाका स्वर वर्ण**

**तालिका नं. १:** शेर्पा भाषाको लघुतम युग्म व्यतिरेकी स्वर वर्णहरू :

| **शब्द** | **परिवेश** | **अर्थ** | **अर्थभेदक वर्ण** |
|---|---|---|---|
| अनी | #—नी # | भिक्षुणी | /अ/ |
| आनी | #नी # | फुपू | /आ/ |
| तिला | # त् —ला # | उसलाई | /इ/ |
| सुला | # स्— ला # | कसलाई | /उ/ |
| तेङ्ला | # त्—ङ्ला # | तलामाथि | /ए/ |
| दोङ्ला | # द्—ङ्ला # | अगाडि | /ओ/ |

*स्रोत : शेर्पा मातृभाषी सूचकका तथ्याङ्कबाट प्राप्त हलेसी कथामा*

माथिका लघुतम् युग्म शब्द जोडीमा *'अनी'* र *'आनी'*मा /अ/ र /आ/ ले, ' *तिला'* र *'सुला'*मा /इ/ र /उ/ ले, *'तेङ्ला'* र *'दोङ्ला'*मा /ए/ र /ओ/ ले समान परिवेशमा आई अर्थमा भिन्नता ल्याएको छ। त्यसैले यी /अ/, /आ/, /इ/, /उ/, /ए/

र /ओ/ छ वटा शेर्पा भाषाका अर्थभेदक व्यतिरेकी स्वरवर्ण हुन् । कुनै भाषामा तीन स्वर भए /इ/, /उ/, /ओ/ र पाँच स्वर भए /इ/, /उ/, /ए/, /ओ/र /आ/ हुनेलाई सममितियुक्त (symmetrical) ढाँचा भनिन्छ (यादव र रेग्मी २०५८ : ११५) । नेपालका अधिकांश भोटबर्मेली परिवारका भाषामा पाँच स्वर भए तापनि शेर्पा भाषामा छवटा स्वर पाइन्छन् । शेर्पा भाषामा स्वर वर्णलाई *(याङ)* भनिन्छ (टोनार्डे र अन्य सन् २००९ : ३३) ।


तालिका नं. ३ मानस्वरका आधारमा शेर्पा भाषाका स्वरहरू :

| | अग्र | केन्द्रीय | पश्च |
|---|---|---|---|
| बन्द उच्च | इ | | उ |
| बन्द मध्य | ए | | ओ |
| खुला मध्य | | | |
| खुला | | अ | आ |

*स्रोत : शेर्पा मातृभाषी सूचकबाट प्राप्त तथ्याङ्कका आधारमा स्वर वर्णहरू*

## मानस्वरको आधारमा शेर्पा र नेपाली स्वर वर्णको वर्गीकरण

मानस्वर भनेको स्वरको मापदण्ड हो । यसले संसारका सबै भाषामा पाइने स्वरहरूको मापन, निर्धारण र वर्गीकरण गर्दछ । यस सिद्धान्तको प्रतिपादन ब्रिटिस ध्वनिवैज्ञानिक ड्यानियल जोन्स (सन् १९१८) ले गरेका हुन् । यसमा स्वर मापन वा निर्धारण गर्ने काल्पनिक विन्दुका आधारमा भाषाका स्वर वर्णहरूलाई चतुर्भुजमा देखाइन्छ । त्यसैले शेर्पा भाषाका स्वरलाई चतुर्भुजमा देखाइएको छ । शेर्पा भाषाका स्वरलाई जिब्रोको उचाइ, जिब्रोको सक्रियता भाग, पश्चता तथा ओठको गोलाइका आधारमा निर्धारण गरी चतुर्भुजमा प्रस्तुत गरिएको छ :




**चित्र १:** मानस्वरका आधारमा शेर्पा भाषाका स्वरहरू

*स्रोत : बन्धु, (२०७३ : ४१) भाषाविज्ञानका आधारमा शेर्पा मानस्वर*

## जिब्रोको स्थिति

जिब्रोको स्थिति अन्तर्गत स्वरहरूको वर्णन र वर्गीकरणमा जिब्रोको उचाइ र सक्रियतालाई स्वर वर्गीकरणको आधार मानिन्छ ।

## जिब्रोको उचाइ

जिब्रोको उचाइको आधारमा ृइ र ृउ उच्च संवृत (बन्द) र ृअ र ृओ निम्न विवृत (खुला) स्वर ध्वनिहरू हुन् (लयोन्स सन् २००३ : ७८) । जिब्रोका उचाइका आधारमा शेर्पा भाषाका व्यतिरेकी स्वर वर्णलाई निम्नानुसार देखाइएको छ, जस्तै :

**तालिका नं. ४:** जिब्रोको उचाइको आधारमा शेर्पा भाषाका स्वरवर्णहरू

| शब्द | परिवेश | अर्थ | जिब्रोको उचाइका आधारमा |
|---|---|---|---|
| सला | # स्–ला # | भोलि | /अ/ निम्न स्वर |
| ठेला | # ठ्–ला # | तेर्सो | /ए/ मध्य स्वर |
| साप | # स्–प् # | खानु | /आ/ निम्न स्वर |
| डोप | # ड्–प् # | जानु | /ओ/ मध्य स्वर |
| तिङ्ला | # त्–ङ्ला # | पछाडि | /इ/ उच्च स्वर |
| दोङ्ला | # द्–ङ्ला # | अगाडि | /ओ/ मध्य स्वर |
| सुप | # स्–प् # | पेट | /उ/ उच्च स्वर |
| कप | # क्–प् # | खन्नु | /अ/ निम्न स्वर |

*स्रोत : शेर्पा मातृभाषी सूचकलाई 'राक्षस कथा' बाट प्राप्त लघुतम युग्मका स्वरवर्ण*

माथिका शेर्पा भाषाका लघुतम युग्मले जिब्रोका उचाइका आधारमा व्यतिरेकी देखाएका छन् । यसमा *'सला र ठेला'* मा /अ/ र /ए/ ले, *'साप'* र *'डोप'* मा /आ/ र /ओ/ ले, *'तिङ्ला'* र *'दोङ्ला'* मा /इ/ र /ओ/ ले अनि *'सुप'* र *'कप'* मा /उ/ र /अ/ ले समान परिवेशमा आई अर्थमा भिन्नता ल्याएका छन् । जिब्रोका उचाइका आधारमा शेर्पा भाषाका /अ/ र /आ/ निम्न स्वर, /इ/ र /उ/ उच्च स्वर र /ए/ र /ओ/ मध्य स्वर हुन् । जिब्रोको उचाइका आधारमा शेर्पा भाषाका स्वर वर्णहरूले व्यतिरेकी अर्थ प्रदान गरेका छन् । त्यसैले शेर्पा भाषाका /अ/, /आ/, /इ/, /उ/, /ए/ र /ओ/ भिन्नभिन्न स्वरवर्ण हुन् ।

## जिब्रोको सक्रिय भाग

जिब्रोको सक्रिय भागको आधारमा ृइ र ृअे अग्र स्वर ृउ र ृओ पश्च स्वर ध्वनि भनिन्छ (लयोन्स सन् २००३ : ७८) । यसअनुसार शेर्पा भाषाका व्यतिरेकी स्वर वर्णलाई तल प्रस्तुत गरिएको छ, जस्तै :

**तालिका नं. ५:** जिब्रोको सक्रिय भागका आधारमा शेर्पा अग्र, केन्द्रीय र पश्च स्वर :

| शब्द | परिवेश | अर्थ | अर्थभेदक वर्ण |
|---|---|---|---|
| नम | # न्–म् # | कहिले | /अ/अग्र केन्द्रीय स्वर |
| गाम | # ग्–म् # | बाकस | /आ/पश्च केन्द्रीय स्वर |
| ठिम | # ठ्–म् # | अनुशासन | /इ/ अग्र स्वर |
| सेम | # स्–म् # | मन | /ए/ अग्र स्वर |
| सुम | # स्–म् # | तीन | /उ/ पश्च स्वर |
| तोम | # त्–म् # | भालु | /ओ/ पश्च स्वर |

*स्रोत : मामाघर गएको सम्झनाबाट शेर्पा भाषाका स्वरहरू*

माथिका लघुतम शब्द युग्ममा *'नम'* र *'गाम'* मा /अ/ र /आ/ ले, *'ठीम'* र *'सेम'* मा /इ/ र /ए/ ले र *'सुम'* र *'तोम'*मा /उ/ र /ए/ ले समान परिवेशमा आई अर्थमा भिन्नता ल्याएकाले /अ/, /आ/, /इ/, /उ/, /ए/ र /ओ/ शेर्पा भाषाका स्वर वर्णहरू हुन् । यी वर्णहरू जिब्रोको सक्रिय भागका आधारमा शेर्पा भाषाका व्यतिरेकी स्वर वर्णहरू हुन् । जिब्रोको सक्रिय भागमा आधारमा /इ/ र /ए/ अग्र स्वर, /अ/ केन्द्रीय स्वर (शेर्पा र अङ्ग्रेजी) हो भने /आ/ पश्च केन्द्रीय तथा /उ/ र /ओ/ पश्च स्वर हुन् ।

## ओठको आधारमा

ओठको स्थितिको आधारमा [उ] र [ओ] गोलित र [इ], [ए], [अ], [आ] अगोलित स्वर ध्वनि हुन् (लयोन्स २००३ : ७८–७९) । ओठको आधारमा शेर्पा भाषाको स्वर वर्णको व्यतिरेकी लघुतम शब्दयुग्मलाई तल प्रस्तुत गरिएहको छ :

**तालिका नं. ६:** ओठको आकारको आधारमा गोलित र अगोलित स्वरहरू :

| शब्द | परिवेश | अर्थ | अर्थभेदक वर्ण |
|---|---|---|---|
| पपा | # प्–पा # | बुबा | /अ/अगोलित |
| खापा | # ख्–पा # | चित्रकार | /आ/अगोलित |
| इबी | #–बी # | सासु | /इ/अगोलित |
| चेबी | # च्–बी # | डोको | /ए/अगोलित |
| कुबा | # क्–बा # | लाटो | /उ/ गोलित |
| मोबा | # म्–बा # | ध्यान/आस्था | /ओ/ गोलित |

*स्रोत : मामाघर गएको सम्झना नियात्रा विवरणबाट शेर्पा स्वर*

माथिका शेर्पा भाषाका लघुतम युग्ममा *'पपा'* र *'खापा'* मा /अ/ र /आ/ ले, *'इबी'* र *'चेबी'* मा /इ/ र /ए/ ले अनि *'कुबा'* र *'मोबा'* मा /उ/ र /ओ/ ले समान परिवेशमा आएर अर्थमा भिन्नता ल्याएका छन् । त्यसैले /अ/, /आ/, /इ/, /उ/, /ए/

र /ओ/ ओठको स्थितिको आधारमा शेर्पा भाषाका व्यतिरेकी स्वर वर्णहरू हुन् । ओठका स्थितिका आधारमा शेर्पा भाषाका /अ/, /आ/, /इ/, /ए/ अगोलित र /उ/, /ओ/ गोलित स्वर हुन् ।

## शेर्पा भाषाका स्वरवर्णको वितरण

शेर्पा भाषाका स्वर वर्णहरू परिवेशगत वितरण आदि, मध्य र अन्त्य तीनै स्थानका आधारमा पाइने हुनाले तिनीहरूका परिवेशगत विवरण भिन्नभिन्न रूपमा तल प्रस्तुत गरिएको छ :

### /इ/ उच्च, अग्र, अगोलित स्वर

**तालिका नं. ७:** शेर्पा भाषाका /इ/ स्वर उच्च अग्र अगोलित आदि, मध्य र अन्त्यमा

| स्थान | शेर्पा शब्द | परिवेश | नेपाली अर्थ | अर्थभेदक |
|---|---|---|---|---|
| आदि स्थान | इनी | #–नी # | माइज्यू | /इ/ |
| मध्य स्थान | मिलाम | # म्–लाम् # | सपना | /इ/ |
| अन्त्य स्थान | मी | # म्–# | मानिस | /इ/ |

*स्रोत : मामाघर गएको सम्झनाबाट/इ/ स्वरको वितरण*

### /ए/ मध्य, उच्च, अग्र, अगोलित स्वर

**तालिका नं. ८:** शेर्पा भाषाका /ए/ स्वर अग्र मध्य अगोलित आदि, मध्य र अन्त्यमा :

| स्थान | शेर्पा शब्द | परिवेश | नेपाली अर्थ | अर्थभेदक |
|---|---|---|---|---|
| आदि स्थान | सेम | #–सम् # | मन | /ए/ |
| मध्य स्थान | ग्येमा | # ग्य्–मा # | आन्द्रा | /ए/ |
| अन्त्य स्थान | पे | # प–# | कथा | /ए/ |

*स्रोत : राक्षसको कथाबाट /ए/ स्वरको वितरण*

### /अ/निम्न, अग्र, अगोलित स्वर

**तालिका नं. ९:** शेर्पा भाषाका /अ/ निम्न अग्र अगोलित आदि, मध्य र अन्त्यमा :

| स्थान | शेर्पा शब्द | परिवेश | नेपाली अर्थ | अर्थभेदक |
|---|---|---|---|---|
| आदि स्थान | अज्याङ् | #–ज्याङ् # | मामा | /अ/ |
| मध्य स्थान | नमा | # न्–मा # | बुहारी | /अ/ |
| अन्त्य स्थान | नाम | # नाम्–# | मौसम | /अ/ |

*स्रोत : मामाघर गएको सम्झनाबाट /अ/स्वरको वितरण*

## /आ/ निम्न, मध्य, अगोलित स्वर

**तालिका नं. १०:** शेर्पा भाषाका /आ/ निम्न मध्य अगोलित आदि, मध्य र अन्त्यमा

| स्थान | शेर्पा शब्द | परिवेश | नेपाली अर्थ | अर्थभेदक |
|---|---|---|---|---|
| आदि स्थान | आपा | #–पा # | बाजे | /आ/ |
| मध्य स्थान | गोमाला | # गोम् –ला # | अगाडि | /आ/ |
| अन्त्य स्थान | गगा | # गग् –# | हजुरमा | /आ/ |

*स्रोत : राक्षसको कथाबाट/आ/स्वरको वितरण*

## /ओ/ मध्य, उच्च, गोलित स्वर

**तालिका नं. ११:** शेर्पा भाषाका /ओ/ मध्य उच्च गोलित आदि, मध्य र अन्त्यमा

| स्थान | शेर्पा शब्द | परिवेश | नेपाली अर्थ | /अर्थ/ भेदक |
|---|---|---|---|---|
| आदि स्थान | ओङ | #–ङ # | दीक्षा | /ओ/ |
| मध्य स्थान | मोलम | # म् –लम # | आशीर्वाद | /ओ/ |
| अन्त्य स्थान | ख्यो | # ख्य्–# | लोग्ने | /ओ/ |

*स्रोत : मामाघर गएको सम्झनाबाट /ओ/स्वरको वितरण*

## /उ/ उच्च, पश्च, गोलित स्वर

**तालिका नं. १२:** शेर्पा भाषाका /उ/ उच्च पश्च गोलित आदि, मध्य र अन्त्यमा :

| स्थान | शेर्पा शब्द | परिवेश | नेपाली अर्थ | अर्थभेदक |
|---|---|---|---|---|
| आदि स्थान | उरु | #–रु # | काकी/सानीमा | /उ/ |
| मध्य स्थान | कुबा | # क् –बा # | लाटो | /उ/ |
| अन्त्य स्थान | पु | # प्–# | भुत्ला | /उ/ |

*स्रोत : शेर्पा मातृभाषी सूचकका तथ्याङ्कका शब्दबाट/उ/स्वरको वितरण*

माथिका शेर्पा भाषाका सबै स्वर वर्ण /अ/, /आ/, /इ/, /उ/, /ए/ र /ओ/ शब्दहरूका आदि, मध्य र अन्त्य तीनै स्थानका परिवेशमा वितरण भएको छ ।

## शेर्पा भाषाका संयुक्त स्वर (द्विस्वर)

तालिका नं. १३ शेर्पा भाषाका द्विस्वरलाई निम्नानुसार तालिकामा देखाइएको छ :

| संयुक्त स्वर | शेर्पा भाषा | अर्थ | संयुक्त स्वर | शेर्पा भाषा | अर्थ |
|---|---|---|---|---|---|
| अउ | अउ | काका | आउ | छाउ | भिनाजु |
| अइ | कइ | कचौरा | आइ | लाइ | एक महिना |
| इउ | रिउँ | बाँदर | इउ | पिउ | बाछी |
| एइ | चेजी | अलिकति | अउ | लबु | मुला |
| एउ | रेउ | छुनु | ओउ | छोरु | बढ्नु |

*स्रोत : शेर्पा शब्दकोश (२०१०)बाट द्विस्वरहरू*

माथि तालिकाका /अउ/, /अइ/, /आइ/, /इउ/, /इउँ/, /आउ/, /एइ/, /एउ/ र /ओउ/ शेर्पा भाषाका द्विस्वर हुन् । द्विस्वरलाई संयुक्त स्वर भनिन्छ (अधिकारी, २०७१ : ६–७) । शेर्पा भाषामा जिब्रोको सक्रियताको आधारमा /इ/ र /उ/ मा टुङ्गिने आधारमा अग्र द्विस्वर र पश्च द्विस्वर गरी दुई भागमा वर्गीकरण गरिएको छ, जस्तै :अग्र द्विस्वर : /अइ/, /आइ/, /उइ/, /एइ/ र पश्च द्विस्वर :/अउ/, /आउ/, /इउ/, /एउ/, /ओउ/ हुन् ।

## व्यञ्जन वर्ण (Consonant Phonemes)

स्वरको मद्दत लिएर मात्र पुरा उच्चारण हुने वर्णलाई व्यञ्जन वा हल् भनिन्छ (सिग्द्याल, २०५५ : ५) । फोक्सोबाट निस्केको सास विभिन्न उच्चारण स्थान ओठ, दाँत, दन्तमूल, तालुमा ठोकिएर वा बाधा गरी उच्चारण हुने वर्णलाई व्यञ्जन भनिन्छ (अधिकारी, २०६८ : ४) । शेर्पा भाषाका व्यञ्जन (मिङ्सी) वर्णलाई लघुतम युग्म शब्दको आधारमा खोज गरी तल प्रस्तुत गरिएको छ :

**तालिका नं. १:** शेर्पा भाषाका लघुतम युग्म व्यञ्जन वर्णहरू :

| शेर्पा शब्द | परिवेश | अर्थ (नेपाली) | अर्थभेदक वर्ण |
|---|---|---|---|
| कङ्बा | #–ङ्बा # | खुट्टा | /क्/ |
| खङ्बा | #–ङ्बा # | घर | /ख्/ |
| गामा | #–आमा # | बूढी | /ग्/ |
| ङामा | #–आमा # | पुच्छार | /ङ्/ |
| च्य | #–अ # | फलाम | /च्य्/ |
| छ्य | #–अ # | मल | /छ्य्/ |
| ज्योप | #–ओप् # | बनाउनु | /ज्य्/ |
| ड्योप | #–ओप् # | पागल | /ड्य्/ |
| तक | #–अक # | बाघ | /त्/ |
| थक | #–अक # | चुराको छाप | /थ्/ |
| नमा | #–मा # | बुहारी | /न्/ |
| फमा | #–मा # | माइती/दाजुभाइ | /फ्/ |
| दुक्पा | #–उक्पा # | दुःख | /द्/ |
| डुक्पा | #–उक्पा # | भुटानी | /ड्/ |
| टक्पा | #–अक्पा # | ध्वाँसो | /ट्/ |
| ठक्पा | #–अक्पा # | डोरी | /ठ्/ |
| पला | #–ला # | बाजे | /प्/ |
| मला | #–ला # | बज्यै | /म्/ |
| समा | #–मा # | खाना | /स्/ |
| जमा | #–मा # | हाँडी | /ज्/ |
| बल्बा | #अल्बा # | भ्यागुता | /ब्/ |
| रल्बा | #–अल्बा # | च्यातिएको/लट्टे कपाल | /र्/ |
| च | #–अ # | घाँस | /च्/ |
| छ | #–अ # | नुन | /छ्/ |
| लाङ | #–आङ # | गोरु | /ल्/ |
| याङ | #–आङ # | लच्छिन | /य्/ |
| ल्हाङा | #–आङा # | आँगन | /ल्ह्/ |
| हम्बा | #–अम्बा # | छुच्चो | /ह्/ |
| डम्बा | #–अम्बा # | गाला | /ड्/ |
| श्यक्पु | #–अक्पु # | खस्रो | /श्य्/ |
| वक्पु | #–अक्पु # | आनो | /व्/ |

*स्रोत : शेर्पा मातृभाषी सूचकबाट प्राप्त शेर्पा लघुतम युग्म व्यञ्जन वर्ण*

माथिका लघुतम युग्मका *'कङ्बा'* र *'खङ्बा'*को आदि परिवेश #–ङ्बा # मा /क्/, /ख्/ तथा *'गामा'* र *'ङामा'*को आदि परिवेश #– आमा # मा /ग्/, /ङ्/, *'च्य'* र *'छ्य'*को आदि परिवेश #–अ # मा /च्य्/, /छ्य्/, *'ज्योप'* र *'ङ्योप'*को आदि परिवेश #–ओप # मा /ज्य्/, /ङय्/, *'तक'* र *'थक'*को आदि परिवेश #–अक # मा /त्/, /थ्/, *'नमा'* र *'फमा'* को आदि परिवेश #–मा # मा /न्/, /फ्/, *'दुक्पा'* र *'डुक्पा'*को आदि परिवेश #उक्पा # मा/द्/, /ड्/, *'टक्पा'* र *'ठक्पा'* को आदि परिवेश #अक्पा # मा /ट्/, /ठ्/, *'पला'* र *'मला'* को आदि परिवेश #ला # मा /प्/, /म/, *'समा* र *'जमा'* को आदि परिवेश #मा # मा /स्/, /ज्/, *'बल्बा'* र *'रल्बा'* को आदि परिवेश #अल्बा # मा /ब्/, /र्/, *'च'* र *'छ'* को आदि परिवेश #अ # मा /च्/, /छ्/, *'लाङ'* र *'याङ'* को आदि परिवेश #आङ # मा /ल्/, /य्/, *'ल्हाङा'* को आदि परिवेश #–आङा # मा /ल्ह्/, *'हम्बा'* र *'ङम्बा'* को आदि परिवेश #–अम्बा # मा /ह्/, /ङ्/ र *'श्यक्पु'* र *'वक्पु'* को समान परिवेश #–अक्पु # मा /श्य्/, /व्/ आई अर्थमा भिन्नता ल्याउने शेर्पाका व्यतिरेकी वर्णहरू हुन् जसमा :- /क्/, /ख्/, /ग्/, /ङ्/, /च्य्/, /छ्य्/, /ज्य्/, /ङ्य्/, /ट्/, /ठ्/, /ड/, /त्/, /थ्/, /द्/, /न्/, /प्/, /फ्/, /ब्/, /म्/, /च्/, /छ्/, /ज्/, /व्/, /श्य/, /श्/, /ल्ह्/, /य्/, /र्/, /ल्/, /स्/, /ह्/ गरी ३१ वटा रहेका छन् । यसलाई (सालचे सुम चिग) भनिन्छ (टोनार्डे र अन्य, सन् २०१० : ३०) ।

## निष्कर्ष

यो गुणात्मक विधिमा आधारित शोध हो । यसमा प्राथमिक र द्वितीय स्रोतका तथ्याङ्कबाट लघुतम युग्म शब्द खोजी व्यतिरेकी वितरण र सिद्धान्तका आधारमा शेर्पा भाषाका स्वर र व्यञ्जन वर्णको अध्ययन गर्दा अ, आ, इ, उ, ए, ओ  छ वटा स्वर र ३१ वटा व्यञ्जन वर्ण पाइएको छ । मानस्वरका आधारमा अग्र स्वर 'इ र ए', मध्य स्वर 'अ' र पश्च स्वर 'उ, ओ, आ' रहेका छन् । बन्द उच्च 'इ र उ', बन्द मध्य 'ए र ओ' खुला मध्य छैनन् भने खुला निम्न 'अ र आ' रहेका छन् । गोलित उ र ओ छन् भने अगोलितमा इ, ए, अ, आ हुन् । स्वर वर्णको वितरण आदि, मध्य र अन्त्य तीनै आधारमा विश्लेषण गरिएको छ भने व्यञ्जन वर्णको विश्लेषण लघुतम युग्मका आधारमा मात्र गरिएको छ । शेर्पा भाषामा /घ्/, /ञ्/, /ढ्/, /ध्/ र /भ्/ व्यञ्जन वर्णहरू पाइँदैन । तसर्थ : यी वर्णको उच्चारणमा शेर्पा मातृभाषी वक्ताहरूले समीपको वर्णहरू/घ्/ को स्थानमा /ग्/, /ञ्/को स्थानमा /ज्/,/ढ्/ को स्थानमा/ड्/, /ध्/ को स्थानमा/द्/ र /भ्/ को स्थानमा /ब्/ वर्णको उच्चारण गरी नेपाली भाषामा त्रुटि गर्न सक्ने देखिएको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, हेमाङ्गराज, (२०६८). *प्रयोगात्मक नेपाली व्याकरण,* चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०७१). *समसामयिक नेपाली व्याकरण,* पाँचौं संस्करण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

गौतम, देवीप्रसाद र प्रेमप्रसाद चौलागाई (२०७०). *भाषाविज्ञान,* दोस्रो संस्करण, काठमाडौँ : पाठ्य सामग्री पसल ।

बन्धु, चूडामणि (२०६६). *भाषाविज्ञानका सम्प्रदाय,* पुनः मुद्रित, काठमाडौँ.: एकता बुक्स ।

बन्धु, चूडामणि (२०७३). *भाषाविज्ञान,* नवौँ संस्करण, ललितपुर : साझा प्रकाशन ।

यादव, योगेन्द्रप्रसाद र भीमनारायाण रेग्मी (२०५८). *भाषाविज्ञान,* कीर्तिपुरः न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६०). *आधुनिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शेर्पा, गेलु (सन् २०१०). *शेर्पा-अङ्ग्रेजी-नेपाली शब्दकोश,* काठमाडौँ : नेपाल शेर्पा संघ र नेपाल शेर्पा राष्ट्रिय मुक्ति मोर्चा नेपाल ।

शेर्पा, दावा (२०५८). *शेर्पा भाषा एक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

शेर्पा, दावा (२०७६). *शेर्पा र नेपाली भाषाको व्यतिरेकी विश्लेषण,* विद्यावारिधि शोधप्रबन्ध, त्रि. वि.शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

सिग्द्याल, सोमनाथ (२०५५). *मध्यचन्द्रिका,* चौबीसौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

Creswell, j. W. (2015). *Educational research.* India: Educational service Pvt. ltd.

Gordon, K (1969). *Sherpa phonemic summary*. Kathandu: Sil and T.U. Nepal.

Hocket, F. C. (2006). *A course in modern linguistics.* Reprint. New Delhi: Surjeet Publicatoins.

Lyons, J. (2003). *Language and linguistics an introduction*. Re printed. United Kingdom: Cambridge University press.

Peter, L. (2006). *A Course in phonetics.* 5th edition. United States of America: University of California, Loa Angeles.

Tournadre, N. (2009) .*Sherpa–English and English–Sherpa dictionary*. Kathmandu: Vajra Publications.

Watters, S. A. (1999). Tonal Contrasts in Sherpa. *Topics Nepalese linguistics.* Central Department of Linguistics T. U.

Yule, G. (2006). *The study of Language*. 3rd Eds. New Delhi: Cambridge University press.